# सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई
# छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (क) मा साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिकलाई जेष्ठ नागरिक भनी परिभाषा गरेको र सोही ऐनको दफा ९ (२) मा नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको सार्वजनिक सवारीमा सम्बन्धित सवारी धनी वा सञ्चालकले जेष्ठ नागरिकलाई दुईवटा सिट सुरक्षित गरी निजलाई ५० प्रतिशत भाडा छुट दिनु पर्नेछ भन्ने व्यवस्था भएकोले,

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७।१२।२४ मा जेष्ठ नागरिक ऐन, २०६३ को दफा ९(२) को व्यवस्थालाई सार्वजनिक सूचना प्रकाशित गरी यथासिघ्र कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाई लागू गर्नु भनी परमादेश समेत जारी भएकोले,

जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर र सद्भावको अभिवृद्धि गर्ने उद्देश्यले जेष्ठ नागरिक सम्बन्धी ऐन , २०६३ जारी भएकोले ।

माथि उल्लेखित उद्देश्य एवं व्यवस्थाहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नको लागि कार्यविधि बनाउन वाञ्छनीय भएकोले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आफ्नो कार्यक्षेत्रभित्र परेको सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा प्रदान गर्न देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको संक्षिप्त नाम “सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०” रहेको छ ।

(२) यो कार्यविधि २०७० साल असोज १ गते देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “ऐन” भन्नाले जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ सम्झनुपर्दछ ।

(ख) “नियमावली” भन्नाले जेष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ सम्झनुपर्दछ ।

(ग) “सार्वजनिक सावरी साधन” भन्नाले लामो, मध्यम तथा छोटो दुरीमा चल्ने बस तथा मिनी बस सम्झनुपर्दछ ।

(घ) “विभाग” भन्नाले यातायात व्यवस्था विभाग सम्झनुपर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनुपर्दछ ।

३. **छुट र सुविधा दिनुपर्ने** : (१) सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले साठी वर्ष उमेर पूरा गरेको नेपाली ज्येष्ठ नागरिकका निम्ति कम्तीमा दुईवटा सीट सुरक्षित राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित गरिएको सिटमा यात्रा गर्ने कम्तीमा दुई जना जेष्ठ नागरिकलाई सम्बन्धित सवारी धनी वा सञ्चालकले यात्रु भाडा दरमा पचास प्रतिशत छुट दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जेष्ठ नागरिकलाई सुविधा प्रदान गर्दा पहिला आउनेलाई पहिलो प्राथमिकता दिने व्यवस्था सम्बन्धित सार्वजनिक सवारी साधनका धनी वा सञ्चालकले मिलाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम छुट पाउने जेष्ठ नागरिक बाहेकका अन्य जेष्ठ नागरिकलाई यात्रा गर्दा सम्भव भएसम्म सिटमा राखी यात्रा गराउनु सम्बन्धित सवारी धनी वा सञ्चालकको कर्तव्य हुनेछ ।

(५) यस दफा बमोजिम प्राप्त गर्ने छुट र सुविधाको लागि सम्बन्धित जेष्ठ नागरिक यात्रुको उमेर खुलेको नेपाली नागरिकताको प्रमाणपत्र वा निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र वा पेन्सनपट्टा वा महिला तथा बालबालिका कार्यालयले जारी गरेको जेष्ठ नागरिक परिचयपत्र वा सवारी चालक अनुमतिपत्र मध्ये कुनै एउटा प्रमाणपत्रलाई आधार मानिनेछ ।

(६) यस दफा बमोजिम दिइने छुट र सुविधाका सम्बन्धमा मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको मितिदेखि लागू हुने गरी कार्यान्वयन गर्नेछ ।

४. **समन्वय समितिको गठन** : (१) कार्यविधिको दफा ३ बमोजिम जेष्ठ नागरिकलाई छुट र सुविधा प्रदान गरिए नगरिएको सम्बन्धमा केन्द्रियस्तरमा अनुगमन गर्न देहाय बमोजिम एक अनुगमन समिति रहनेछ ।

(क) यातायात व्यवस्था विभागका महानिर्देशक - संयोजक

(ख) मन्त्रालयका यातायात व्यवस्था शाखाका प्रमुख - सदस्य

(ग) प्रतिनिधि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ - सदस्य

(घ) महानगरीय ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरिक्षक - सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय जेष्ठ नागरिक महासंघ - सदस्य

(च) अधिकृत प्रतिनिधि, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य

(२) संयोजकले तोकेको विभागको अधिकृत कर्मचारीले केन्द्रीय अनुगमन समितिको सचिव भई कार्य गर्नेछ ।

(३) स्थानीयस्तरमा अनुगमन गर्नको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ ।

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) सम्बन्धित यातायात कार्यालयका प्रमुख - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयका प्रमुख - सदस्य

(घ) जिल्ला ट्राफिक कार्यालयका प्रमुख - सदस्य

(ङ) नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले तोकेको सम्बन्धित जिल्लाको यातायात व्यवसायी प्रतिनिधि - सदस्य

(च) महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय - सदस्य सचिव

(४) यस दफा बमोजिम गठन भएको अनुगमन समितिको बैठक आवश्यकतानुसार बस्नेछ । तर एक बैठक र अर्को बैठक बीचको फरक ६ महिना भन्दा बढी हुने छैन ।

५. **केन्द्रीय समन्वय समितिको काम, कर्तव्य र अधिकार** : समग्र मुलुक भर ऐन, नियम तथा यस कार्यविधि बमोजिम जेष्ठ नागरिकले छुट एवं सुविधा पाए नपाएको सम्बन्धमा समिक्षा गर्ने, अनुगमन गर्ने गराउने, स्थानीय अनुगमन समितिलाई आवश्यक सुझाव एवं निर्देशन दिने तथा जेष्ठ नागरिकलाई छुट एवं सुविधा प्रदान गर्ने सम्बन्धमा नेपाल सरकारले गर्नुपर्ने कार्यहरुका सम्बन्धमा नेपाल सरकारलाई आवश्यकतानुसार सुझाव दिनु वा सिफारिश गर्नु केन्द्रिय समन्वय समितिको प्रमुख कार्य हुनेछ ।

६. **स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : स्थानीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) ऐन, नियम तथा यस कार्यविधि बमोजिम जेष्ठ नागरिकले छुट एवं सुविधा पाए नपाएको सम्बन्धमा अनुगमन गर्ने,

(२) अनुगमनको सिलसिलामा जेष्ठ नागरिकले तोकिए बमोजिमका छुट सुविधा सहज रुपमा प्राप्त गर्न नसकेको पाइएमा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित सरोकारवालाहरुलाई ध्यानाकर्षण गराई कार्यान्वयन गर्ने गराउने,

(३) जेष्ठ नागरिकबाट छुट सुविधाका सम्बन्धमा कुनै गुनासो एवं उजुर प्राप्त हुन आएमा सो उपर आवश्यक सुनुवाई गरी त्यस्तो गुनासो एवं उजुरी उपर आबश्यक कारवाही गर्ने ,

(४) जेष्ठ नागरिक र सम्बन्धित सवारी साधनका धनी वा सञ्चालकका वीच कुनै विवाद उत्पन्न भएमा मध्यस्थता गरी विवादको निरुपण गर्ने गराउने,

(५) जेष्ठ नागरिकको सम्मान र संरक्षणको कर्तव्यबोध प्रति सचेतना जगाउन आवश्यक व्यवस्था मिलाउने,

(६) सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिकलाई राज्यको तर्फबाट प्रदान गरिने सेवा सुविधा सम्बन्धमा पुनरावलोकन गरी कार्यान्वयनका लागि केन्द्रिय समन्वय समिति समक्ष सिफारिश गर्ने,

(७) मन्त्रालय एवं केन्द्रीय समन्वय समितिबाट प्राप्त निर्देशन, निर्णय एवं सुझावको कार्यान्वयन गर्ने गराउने,

(८) उपरोक्त कार्यहरुका सम्बन्धमा भएका अन्य विविध काम कारवाहीहरु गर्ने गराउने,

७. **जेष्ठ नागरिकलाई दिइने थप सुविधा सम्बन्धमा** : जेष्ठ नागरिकलाई यस कार्यविधिमा उल्लेखित सुविधाका अतिरिक्त सम्बन्धित सवारी धनी वा सञ्चालकको सहमतिमा मन्त्रालयले अन्य थप सुविधा प्रदान गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

८. **छुट र सुविधा दिने दायित्व सम्बन्धित सवारी साधन धनी वा सञ्चालकको हुने** :- यस कार्यविधि बमोजिम जेष्ठ नागरिकलाई दिइने छुट र सुविधा प्रदान गर्ने दायित्व सार्वजनिक सवारी साधनका धनी वा सञ्चालकको हुनेछ । साथै विभागले सार्वजनिक सवारी साधनको भाडा वृदि गर्दा भाडा वृद्धिसम्बन्धी सूचकहरुमा यस सुविधालाई समेत गणना गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

९. **जरिवाना सम्बन्धी व्यवस्था** : विभागबाट अनुगमन हुँदा जेष्ठ नागरिकका लागि आरक्षण नगरेको पाईएमा र यस कार्यविधि बमोजिमको छुट सुविधा नदिएको पाइएमा विभागले सवारी धनि वा सञ्चालकलाई ऐन तथा नियमावली अनुसार जरिवाना गर्न सक्नेछ ।

**१०. कार्यविधिमा हेरफेर गर्न सकिने :** यस कार्यविधिमा भएका व्यवस्थाहरुलाई हेरफेर गर्नुपर्ने भएमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको परामर्शमा वा नेपाल सरकारको निर्देशनमा मन्त्रालयले आवश्यक हेरफेर गर्न सक्नेछ ।